# स्थानीय राजपत्र

सैनामैना नगरपालिका, रूपन्देहीद्वारा प्रकाशित

खण्ड ३, सैनामैना नगरपालिका, १३ माघ २०७६, संख्या ८ (अतिरिक्ताङ्क)

## भाग–२

### सैनामैना नगरपालिका, रूपन्देही

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम सैनामैना नगर कार्यपालिकाबाट स्वीकृत नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### सार्वजनिक सवारी साधन सञ्चालन तथा ब्यवस्थापन (पहिलो संशोधन) नियमावली, २०७६

सार्वजनिक सवारी साधन तथा ब्यवस्थापन नियममावली २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस नियमावलीको नाम **"सार्वजनिक सवारी साधन सञ्चालन तथा ब्यवस्थापन (पहिलो संशोधन) नियमावली, २०७६"** रहेको छ ।

(२) यो नियमावली स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

**२. सार्वजनिक सवारी साधन सञ्चालन तथा ब्यवस्थापन नियमावली, २०७६ को नियम ५ को उपनियम (३) पछि देहाय (४)** थप गरिएको छ ।

(४) लुम्बिनी यातायात ब्यवस्था कार्यालय बाहेक अन्य यातायात ब्यवस्था कार्यालयमा दर्ता भएका साना सार्वजनिक सवारी साधनको हकमा १ बर्षको लागि अस्थायी ईजाजत पत्र दिन सकिनेछ ।

आज्ञाले
**टेकराज पन्थी**
प्रमुख प्रशासकीय अधिकृत